**OKHALDHUNGA : ओखलढुङ्गा**
[Yearly Peer Reviewed Journal]
ISSN: 3021-9965
Vol. 2, No. 3, May 2025
Published by Okhaldhunga Campus

# परित्राणमा रत्नसूत्रको मनोवैज्ञानिक पक्ष

**सुरेश नकर्मी**

*Article History : Submitted 2 March. 2025; Reviewed 13 April 2025; Accepted 6 May 2025*
*Author : Suresh Nakarki Email: lunibhanakarmi@gmail.com*
*DOI: https://doi.org/10.3126/oj.v2i3.79998*

**लेखसार (Abstract)**

*चारैतिरबाट आउने र आउन सक्ने दुःख, कष्ट, भय, अन्तराय, अनिष्ट र विघ्नबाधाबाट मुक्तिको लागि गरिने सूत्रहरूको सङ्गीति, सङ्गायना अथवा सामूहिक पाठ परित्राण पाठ हो । बुद्धद्वारा देशना गरिएका सूत्रहरू पाठ गर्न सजिलो होस् भन्ने हेतुले बौद्ध विद्वान् महास्थविर भिक्षुहरूले महापरित्राण र चूल परित्राण गरी दुई प्रकारले सूत्रहरूलाई सङ्ग्रह गरेका छन् । रत्नसूत्र दुवैमा संग्रहित छन् । रत्नको अर्थ हिरामोती, बहुमूल्य वस्तु, सुख दिने या आनन्दित बनाउने तत्व हो । यो मानिसको सुखको अनुभूति गर्ने माध्यम रत्न हो । बोलिचालिको भाषामा आभूषणलाई पनि रत्न भनिन्छ । बुद्धद्वारा देशित रत्नसूत्रमा बुद्ध, धर्म र संघलाई नै त्रिरत्नको रूपमा वर्णन गरिएको छ । रत्न सूत्रको निदानमा भने दुर्भिक्षाले मानिसहरूको मृत्यु भई यत्रतत्र छरिएरका मृत शरीरबाट निस्केका दुर्गन्धबाट अहिवात रोग फैलिन गई भूत प्रेतले दुःख दिएको उल्लेख पाइन्छ । बैशाली जस्तो तत्कालिन समयको सम्पन्न नगरका जनताले यसरी अनिष्ट हुनुको कारण खोज्दै जाँदा राजा पो राजधर्मबाट अलग भयो कि भन्ने शंका जनतामा उब्जिएको कुरालाई मनोवैज्ञानिक ढङ्गमा प्रस्तुत गरिएको छ । तर देवताहरूलाई आह्वान गरी बुद्ध, धर्म र संघको गुणको वर्णन गर्दै ती सत्य वचनहरूको आनुभावले सम्पूर्ण दुःख कष्ट हटेको वर्णन छ । यस प्रकार त्रिरत्नको गुण के हो ? मन्दी, अहिवात रोग र राजधर्मलाई मनोवैज्ञानिक रूपमा कसरी प्रस्तुत गरिएको छ ? र ती दृष्टिकोणहरूलाई रत्नसूत्र पाठको माध्यमले कसरी समाधान गरिएको छ ? भन्ने मनोवैज्ञानिक पक्षलाई अध्ययनको केन्द्रमा राखिएको छ । अध्ययन मूलतः अन्वेषणात्मक प्रकृतिको गुणात्मक र ऐतिहासिक भएकोले छट्ठ संगायनका मूल ग्रन्थहरूका साथै अन्य आवश्यक ग्रन्थहरूलाई स्रोतको रूपमा लिइएको छ । प्रस्तुत लेख विषयवस्तुको प्रकृति अनुसार द्वितीयक स्रोतको आधारमा तयार गरिएको छ ।*

***शब्दकुञ्जी** **(Key words)** : रत्नसूत्रको निदान, त्रिरत्न, रोगव्याधि, मनोविज्ञान ।*

**परिचय**

भिक्षु, श्रामणेर तथा अनागारिकाहरूद्वारा सामूहिक रूपमा पढिने सूत्रहरू परित्राण पाठ हुन् । हर्ष, आनन्द र खुशी बोध गराउने ती पाठहरूको श्रवणले सुखानुभूति हुन्छ । स्तोत्र, गान, संगीति, संगायन आदिलाई पाठ गर्ने पर्यायको रूपमा लिने गरिन्छ । त्राणको अगाडि परि उपसर्ग रहेर परित्राण शब्द बनेको हो । त्राणको अर्थ रक्षा हो भने परिलाई वरिपरि, चारैतिर, छेउछाउ भनि अर्थ्याएको छ (धर्मगुप्त, मगर, वि.सं. २०८०, पृ. ६०९) । बुद्धकालीन समयदेखि पाठ गर्ने चलन रहँदै आएको परित्राण पाठमा संकलित सूत्रहरूको आफ्नै अलग विशेषता छ । विभिन्न ग्रन्थहरूमा छरिएर रहेका ती सूत्रहरूको संगालो ग्रन्थ परित्राण पाठ ग्रन्थ हो । विभिन्न बौद्ध देशहरूमा त्यसको पाठ गर्ने प्रचलन यद्यपि चल्दै आएको छ । श्रीलङ्कामा दुर्भिक्ष र रोग भयका कारण शासन सम्वत् ९१२ मा राजा उपतिस्स द्वितीयले भिक्षुहरूलाई तीन याम रतन सूत्र पाठ गर्न दिएको, बर्मामा च्याँसेता भन्ने राजाको दरबार बनाउने क्रममा अरहं नामक स्थविर प्रमुख चार हजार भिक्षुहरूबाट परित्राण पाठ गराएको उल्लेख छ । थाईल्याण्डमा परित्राण पाठलाई राजकीय पाठको रूपमा लिइन्छ । राजकीय सहयोगमै परित्राण पाठलाई संघराजा सोमदेत फ्रा अरियवंसगतयनले सन् १८८० मा संकलन गरेको उल्लेख छ । नेपालमा भय उपद्रव शान्त गर्न भिक्षु प्रज्ञानन्द महास्थविरले किण्डोल विहारमा परित्राण पाठको आयोजना गरेको र सोहि समयदेखि परित्राण पाठको प्रचलन शुरु भएको देखिन्छ । तत्पश्चात नेपालमा बौद्ध संस्कार, संस्कृति र परम्परामा परित्राण पाठ गर्ने गराउने प्रचलन रहेको छ । परित्राण पाठले रोग, व्याधि, दुर्भिक्ष, भय उपद्रव शान्त गर्ने जनविश्वास बुद्धकालीन समयदेखि नै रहँदै आएको छ ।

परित्राण पाठ गर्दा विधि मिलाएर गर्नु पर्दछ । विधि मिलेन भने त्यसबाट पाउनु पर्ने फल प्राप्त नहुन सक्छ । त्यसैले परिपात्राण पाठ गर्ने विधिलाई घर निर्माण गर्ने तरिकासँग तुलना गरिएको छ । जग बलियो भएन भने घर बलियो हुँदैन । त्यसरी नै परित्राण पाठ गर्ने विधि मिलेन भने त्यसबाट पाउनु पर्ने फलबाट बञ्चित हुन्छ । तसर्थ परित्राण पाठ गर्नेले शुद्ध रूपमा पाठ गर्नु पर्ने, अर्थ बुझ्ने गरी पाठ गर्नु पर्ने तथा श्रवण गर्ने प्रति मैत्री चित्त उत्पन्न गरी पाठ गर्नुपर्ने उल्लेख दीघ निकाय, पथिक वर्ग, आटानाटिय सूत्रमा छ भने श्रवण गर्ने पनि पञ्च महापापबाट अलग भएको, मिथ्यादृष्टि रहित तथा श्रवण गर्दा विश्वस्त हुनु पर्ने उल्लेख मिलिन्द प्रश्नमा छ ।

यसरी परित्राण पाठका सूत्रहरू श्रवण गर्नु मनुष्यहरूको मात्र रोजाइ नभएर देवताहरूको पनि रोजाई भएको र सूत्र श्रमणले एक कोटी देवताहरूले पनि मार्गफल प्राप्त गरेको उल्लेख मंगल सूत्रको निदानमा उल्लेख भएबाट प्रष्ट हुन्छ । त्यसैगरी रत्न सूत्र पाठको अन्तमा चौरासी हजार चक्रवालहरू मुक्त भएको उल्लेख छ । यसले सूत्रहरूको पाठ भय उपद्रव हटाउनको लागि मात्र गर्ने नभई देव मनुष्यहरूको मुक्तिको लागि पनि गर्ने गरिन्छ भन्ने प्रष्ट हुन्छ । तर तिनीहरूको मुक्तिको कारण के हो ? भन्ने कुराको मनोवैज्ञानिक पक्ष विशेष हो । यस कुरालाई उजागर गर्नु यस लेखको प्रमुख उद्देश्य हो । प्रस्तुत अध्ययन रत्नसूत्रका बारेमा केन्द्रित छ । तसर्थ यो अध्ययन द्वितीयक तथ्याङ्कलाई आधारमानी पूरा गरिएको छ ।

## शोध विधि

रत्नसूत्रको अध्ययन कार्य पूर्णतः ऐतिहासिक हो । यो एक किसिमको गुणात्मक तथा विश्लेषणात्मक अध्ययन हो । रत्नसूत्रको अध्ययन गर्ने कार्यको लागि द्वितीयक श्रोतको प्रयोग गरिएको छ । द्वितियक श्रोत अन्तर्गत

मूल सूत्रका साथै अन्य विभिन्न ग्रन्थहरूलाई आधार मानेर अध्ययन गरिएको छ ।

### रत्नसूत्रको निदान :

थेरवाद बुद्ध धर्मका सम्पूर्ण धर्मोपदेशहरूको उद्देश्य लोभ, द्वेष र मोहबाट मुक्त गराउनु हो । त्रिपिटकका सूत्रहरूको अर्थ माला, धागो अथवा तन्तु हुन् । सूत्रलाई जुक्ति, उपायको रूपमा पनि लिइएको छ । संक्षिप्तमा बोध गराउने नियम, पद्धति, उक्ति वा सङ्केत अथवा बुद्धवचन पनि भनिएको छ (धर्मगुप्त, मगर, वि.सं. २०८०, पृ. १०२९) । कहिं सूत्रलाई मन्त्रको रूपमा पनि लिइएको छ । सूत्र भनेको मन्त्र या छोटा विवरण हुन् । बौद्ध साहित्यमा सूत्र भनेको ऐतिहासिक बुद्धले भनेका वचनहरू हुन् (खतिवडा, वि.सं. २०७९, पृ. ६६९) । बुद्धत्व लाभपछि बुद्धद्वारा दिइएका उपदेशहरू, वचनहरू नै सूत्र हुन् ।

चौरासी हजार धर्मोपदेशहरूमध्ये रत्नसूत्र पनि एक हो । सुत्त निपात, चूलवग्गमा उल्लेख गरिएको रत्नसूत्र बैशाली नगरमा देशना गर्नु भएको थियो । तत्कालिन समयको गणतन्त्रात्मक राज्य बैशालीमा ७७७७ राजाहरूले पालैपालो राज्य गर्थ्यो भने त्यति नै संख्यामा दरबार, उद्यान, पोखरीको उल्लेख छ (बुद्धघोष महास्थविर, वि.सं. २०४९, पृ. ६१) । भिक्षु अमृतानन्द महास्थविरले बुद्धकालीन राजपरिवारमा वैशाली नगरको वर्णन गर्ने क्रममा ७७०७ संख्या भनि वर्णन गरेका छन् (अमृतानन्द, वि.सं. २०७५, पृ. ३६१) । व्यापारिक केन्द्रको रूपमा स्थापित बैशाली नगर विदेह, लिच्छवी, क्षत्रिक, वज्जी, उग्र, भोज, इक्ष्वाकु र कौरवको अष्टकुलीक संघको राजधानी र गणतन्त्रात्मक समृद्ध राज्यमा यी अष्टकुलबाट चुनिएका राजपरिषद्ले सात वर्ष शासन गर्ने नियम रहेको र चुनिएको राजाले प्रमुख प्रशासकीय कार्य सम्पादन गर्ने जिम्मेवारी दिइएको उल्लेख छ । वत्स, कोशल, काशी तथा मगध साम्राज्यबाट घेरिएको तथा श्रावस्तीबाट राजगृहको मार्गमा अवस्थित स्वतन्त्र नागरिक, व्यापारी, जौहारी, शिल्पकार, सेठहरूको संघ रहेको व्यापारिक केन्द्र बैशाली यात्रीहरूले भरिभराउ हुने समृद्ध राज्य थियो । एक समय अनिकालका कारण खाद्यवस्तुको अभावले मानिसहरू अकालमै मरेर ती लाशहरू यत्रतत्र छरिंदा त्यसको दुर्गन्धिले अहिवात नामक सरुवा रोगले मानिसहरूलाई सताएको थियो । मृत शवहरू यत्रतत्र छरिंदा भूत प्रेतहरूले दुःख दिएको थियो । सात पुस्तासम्म दुर्वृष्टि सामना गर्न नपरेका बैशाली नगरका जनताले राजा राजधर्मबाट अलग भएर यस्तो दुर्भिक्ष भोग्नु परेको अड्कल पनि नलगाएका होइनन् । तर दुर्भिक्षाको कारण थाहा पाउन नसकेपछि उपाय खोजी गर्ने क्रममा आठ कोश टाढा राजगृहमा रहनु भएका बुद्ध प्रमुख भिक्षुसंघलाई निमन्त्रणा गरी रत्नसूत्र पाठ गराएपछि विस्तारै समस्याहरू शान्त हुँदै गएको रत्नसूत्रको निदानमा उल्लेख छ ।

पालि साहित्यका अन्य सूत्रहरू जस्तै रत्न सूत्र पनि एक महत्त्वपूर्ण सूत्र हो । यस सूत्रमा सत्रवटा गाथाहरू छन् । जसमा पहिलो दुई सूत्रहरूमा अमनुष्यहरूलाई तथागतको अनुपम सत्य वचन सुन्नको लागि आह्वान गरिएको छ भने बाँकी गाथाहरू बुद्ध, धर्म र संघको बारेमा वर्णन गरिएको छ । बुद्ध गुणलाई तीन गाथाहरूमा, धर्म गुणलाई तीन गाथाहरूमा तथा संघलाई छ वटा गाथाहरूमा वर्णन गरिएको छ । अन्तका तीन गाथाहरूले बुद्ध, धर्म र संघलाई अभिवादन गरी सत्व प्राणीहरूको सुखको कामना गरिएकोछ ।

समृद्ध बैशाली नगरमा अनिकालका कारण दुःखी, गरीब मानिसहरू भोकले मरेको र तिनीहरूको दाह संस्कार हुन नसकेर यत्रतत्र फ्याकिँदा कुहिएर दुर्गन्ध फैलिंदा भूत प्रेत, अमनुष्यहरू नगरमा पसेर दुःखकष्ट दिन थालेपछि धेरै मानिसहरूको मृत्यु भएको र तिनीहरूको दुर्गन्धिले सर्पको विष समान कडा अहिवात (अहिलेको कोरोना जस्तै) नामक रोग फैलिएर बैशाली नगरमा दुर्भिक्ष भय (अनिकाल), प्रेत भय र रोग को भय उत्पन्न भएको उल्लेख छ । साथै यस अघि सात पुस्तासम्म कहिल्यै नदेखिएको यस्तो दुर्भिक्ष्य राजा अधार्मिक भयो भने मात्र हुने तर्क राख्दै बैशालीका जनताहरूले राजाको राजधर्ममा कुनै खोट छ कि भनि खोज्दा राजा राजधर्ममा प्रतिस्थित रहेको देखेपछि तीन प्रकारका भय हटाउन राजगृहमा रहेका बुद्धलाई बैशालीमा निमन्त्रणा गरी धर्मोदेश गराएमा भय अन्तराय हट्ने सल्लाह भए बमोजिम राजपुरोहितसहित महाली राजा राजगृहमा बुद्धलाई निमन्त्रणा गर्न गएका थिए । महाली राजाले बैशाली नगरको पीडा बिम्बिसार राजामार्फत् बुद्धमा बिसाएपछि बुद्धले खुशी साथ स्वीकार गर्नु भएको थियो । त्यसपछि राजा बिम्बिसारले पाँच योजन टाढाको गंगा नदीसम्मको बाटो सफा गर्न लगाई एक योजनमा एकवटा विहार बनाउन लगाएर बाजागाजासहित बिम्बिसारले बुद्धको बिदाई गर्न आएको उल्लेख छ । त्यसरी नै लिच्छवी (वज्जी) हरूले पनि गंगाबाट तीन योजन टाढा रहेको बाटो सफा गर्न लगाएर प्रत्येक योजनमा एक एक वटा विहार बनाई एक रात विश्राम गर्न लगाई भव्यताका साथ बैशालीमा स्वागत गरेका थिए । बुद्धको पाईला पर्नासाथ बैशालीमा घनघोर पानी परेर सम्पूर्ण लाशहरू, फोहोरहरू बगाएपछि बैशाली पहिलाभन्दा सफा भएको उल्लेख छ । त्यस समय देवराज इन्द्र पनि बुद्धको सेवामा उपस्थित रहेको उल्लेख छ । सन्ध्या कालमा बुद्धले भिक्षु आनन्दलाई नगरको पर्खाल बाहिर रत्नसूत्र पाठ गर्न सिकाएर पात्रमा जल राखी त्यो जल चारैतिर छर्कन लगाएका थिए । त्यसपछि भिक्षु आनन्दले "यानीध भूतानि समागतानि" आदि गाथा पढेर पानी आकासमा छर्कंदा पर्खालभित्र बाँकी रहेका भूत प्रेतहरूको शरीरमा परेपछि भूत प्रेतहरू अत्यन्त भयभीत भई नगर द्वारबाट भागेको र ढोकाबाट भाग्न नसकेकाहरू पर्खाल फोरेर भागेको उल्लेख छ । साथै भिक्षु आनन्दले "यकिञ्चि वित्तं इधवा हुरं वा" आदि गाथा पढ्दै पानी छर्कंदा रोगले ग्रस्त मानिसहरूको शरीरमा परेर ती रोगीहरू तत्काल रोग मुक्त भएपछि ती सबै भिक्षु आनन्दसित नगर परिक्रमा गरिसकेपछि बुद्ध समक्ष आएर वन्दना गरी एक छेउ बसेपछि बुद्धले परिषद्लाई हेरी रत्नसूत्र देशना गर्नु भएको थियो । एक सप्ताहसम्म देव र मनुष्यहरूका निम्ति देशनाको भएको रत्नसूत्र देशनाको अन्तमा चौरासी हजार प्राणीहरू दुःखबाट मुक्त भई मार्ग फल निर्वाण प्राप्त भए । तत्पश्चात बैशाली नगर पहिले जस्तै सुख, समृद्ध र सुभिक्षा भएको उल्लेख छ ।

**रत्नसूत्रमा त्रिरत्न :**

बौद्ध सम्प्रदायमा बुद्ध, धर्म र संघलाई त्रिरत्न भनिन्छ । त्रिरत्नको अनुपमतालाई तथागतको रूपमा रत्नसूत्रले परिचित गराएको छ । तथागतलाई संसारको प्रकृतिबाट पूर्ण रूपमा जागरुक, तथ्यमा काम गर्ने, प्राणीहरूमा सर्वोत्कृष्ट, दश पारमिताबाट पूर्ण भएको, देव मनुष्यहरूबाट मन पराइएको भनि वर्णन गरिएको छ । उहाँले बताउनु भएको धर्मले लोभ, दोष, मोहको तृष्णा क्षय गरी जाति, जरा, व्याधि र मरणबाट स्वतन्त्र बनाउने, ध्यानको माध्यमले चित्त एकाग्र हुने र मनको परिशुद्धताले आर्य मार्ग समाधिमा पुगेर संसार तर्न सहयोग पुग्ने भएकोले त्यस्तो धर्मको अनुशरण गरी सुगतमा पुगेका आठ प्रकारका सत्पुरुषहरूलाई दान दिन योग्य छ र त्यो दानको फल पनि छ भनि धर्मको गुणलाई प्रकाश पारिएको छ । बुद्धद्वारा देशित धर्महरू पालन गरी क्लेश मुक्त अरहन्त आर्यहरू दरिलो इन्द्रकील खम्बा जस्तै दृढ हुन्छन् । आर्यसत्यलाई प्रकट रूपले जानिसकेका, आठौं जन्म ग्रहण गर्न नपर्ने स्रोतापन्न पुद्‌गलहरू सत्कायदृष्टि, विचिकित्सा, शीलव्रत धर्महरूबाट अलग रहि चार अपायबाट प्रमुक्त भइसकेका हुन्छन् । स्रोतापन्न पुद्‌गलले शरीर, वचन अथवा मनद्वारा पापकर्म गरिहाले त्यसलाई लुकाउन सक्दैन । मार्गज्ञानद्वारा निर्वाण देखिसकेका स्रोतापन्न आर्यले पापकर्म लुकाउन योग्य छैन भनि संघको गुण तथागतद्वारा आज्ञा हुनु भएको उल्लेख छ । यस प्रकार रत्नसूत्रले बुद्ध, धर्म र संघलाई तथागत, चार आर्य सत्य र निर्वाणगामी भनि वर्णन गरिएको छ । अमनुष्यहरूलाई आह्वान गरी मनुष्यहरू र अमनुष्यहरूबीच परस्पर सम्बन्ध र सहयोगको निर्देशन सहित बुद्ध, धर्म र संघको गुण प्रकाश पारिएको रत्नसूत्रमा त्रिरत्नको सत्य वचनको प्रभावले सम्पूर्ण रोग, भय, अन्तराय हटेर जाओस् भनि आकांक्षा राखिएको छ ।

**अहिवात रोग :**

अहिवातक रोग एक प्रकारको महामारी हो, जुन एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्दछ । पालि नेपाली शब्दकोशमा यसलाई प्लेग भनि उल्लेख गरिएको छ (धर्मगुप्त, मगर, वि.सं. २०८०, पृ. १३९) । नेपाली बुद्धकालीन विश्वकोशमा सर्प, वायुजन्य रोग भनेको छ (अमृतानन्द, वि.सं. २०७५, पृ. २२२) । यी ग्रन्थहरूले 'अहिवातक' भनिएको छ भने रत्नसूत्रको निदानले अहिवात रोग भनेको छ । रत्नसूत्रको निदानमा बैशालीमा अहिवात रोग दुर्भिक्षको कारण फैलिएको वर्णन गरिएको छ । यस घटनाले बैशाली जस्तो समृद्ध नगरमा पनि खाद्य अभाव, खाद्य सङ्कट, अनिकालले गाँज्दो रहेछ भन्ने देखाएको छ । मानिसहरू भोकले धमाधम मर्न थालेपछि यत्रतत्र फ्याँकिएका शवहरू कुहिएर दुर्गन्ध फैलिएर भूत प्रेत, अमनुष्यहरूले दुःखकष्ट दिएको र धेरै मानिसहरूको मृत्यु भयो । शवको दुर्गन्ध सर्पको विष समान कडा भएकोले त्यसबाट अहिवातक नामक रोग फैलियो । यस रोगले शुरुमा झिङ्गालाई आक्रमण गर्छ । झिङ्गाबाट छेपारो, मुसा, बिरालो, गाई, भैंसीलाई आक्रमण गरी ती प्राणीहरू मारेपछि त्यसबाट मानिसहरूमा सर्छ र मानिसहरूको मृत्यु हुन्छ । यसरी घरका सम्पूर्ण परिवारहरूको मृत्यु भईसकेपछि अन्तमा घरको मूलीलाई यो रोग लागेर यदि घरको मूली भित्ता फोरेर भाग्न सकेको खण्डमा उसले ज्यान जोगाउन सक्छ, नत्र उसको पनि मृत्यु हुन्छ (अमृतानन्द, वि.सं. २०७५, पृ. १२) । यस प्रकार अहिवातक रोग एकबाट

अर्कोमा सर्ने एक प्रकारको सरुवा रोग हो । यो रोग हावा अथवा श्वासबाट सर्ने रोग भएकोले रोगीसँगको सम्पर्कबाट टाढा एकान्तबास गर्नु उपयुक्त हुन्छ । तसर्थ तत्कालिन समयमा रोग निको हुने विश्वासले घरको भित्ता फोडेर घरमूलीहरू भाग्ने गरेको देखिन्छ । सन् २०१९ मा पनि यस प्रकारको महामारी विश्वमा फैलिएर लामो समयसम्म मानिसहरू घरबाट निस्कन सकेको थिएन । एकै प्रकृतिको यो रोग बुद्धकालीन समयमा अहिवात अथव अहिवातक नामक सरुवा रोगले प्रसिद्ध भएता पनि वर्तमानमा बैज्ञानिकहरूले यसलाई कोभिड-१९ भनेका छन् ।

**रत्नसूत्रको मनोवैज्ञानिक पक्ष :**

रत्नसूत्रको निदानको प्रारम्भमा समस्याको मूल जड खोज्ने क्रममा भय, अन्तराय र दुर्भिक्षको कारणलाई राजधर्मसँग जोड्न खोजिएको देखिन्छ । गणतन्त्रात्मक राज्यका आठ राजपरिषद्हरूले पालैपालो राज्य गर्दा भूलवश राजधर्म पालनामा त्रुटी भई अभावको सामना गर्नु परेको हो कि भनि राजधर्मको बारेमा शंका उत्पन्न गरिएको छ । तर लिच्छवीहरूको राजधर्मलाई सप्त अपरिहानीय राजधर्म भनि उल्लेख गर्दै बुद्धले लिच्छवीहरूको प्रशंसा गर्नुले पनि लिच्छवीहरू राजधर्म प्रति कति दृढ छन् भन्ने प्रष्ट हुन्छ (बज्राचार्य, वि.सं. २०५६, पृ. २३०-२३२) । राजधर्ममा कुनै कमी नभएको र राज्य सञ्चालनमा कुनै खोट नदेखिएकोले अनिकाल, खडेरी, अकाल मृत्यु, भय, त्रास निवारणका उपाय खोज्ने क्रममा बुद्ध सहित भिक्षु संघलाई आमन्त्रण गरी परित्राण पाठ गराउँदा समस्या समाधान हुँदै गएपछि बुद्ध र धर्मप्रति लिच्छवीहरूको श्रद्धा बृद्धि भई विभिन्न स्थानमा चैत्यहरूको निर्माण गरेको उल्लेख छ । बुद्धले शुरुमा भिक्षु आनन्दलाई रत्न सूत्र पाठ गर्न सिकाएर नगरभित्र पठाउनु भएको थियो । नगरभित्र पस्ने क्रममा भिक्षु आनन्दले "यानीध भूतानि समागतानि ......" (अर्थात् जुनसुकै भूमिबाट आएको भए पनि शान्त मनले तथागतका वचनहरू आदर गौरवपूर्वक सुन्नुहोस् ।) भनी पानी छर्कँदै गएपछि अमनुष्यहरू हट्दै गएको प्रसङ्गले भूमिलाई मनुष्य, अमनुष्य तथा देवता र सबै प्राणीहरूको साझा स्थानको रूपमा वर्णन गर्न खोजिएको छ (त्रिपिटक विशोधन विन्यास, सुत्तपिटक, पृ. २३) । साथै अर्को हरफ "तस्मा हि भूता निसामेथ सब्बे ....." (अर्थात् मनुष्यहरूले परिश्रम गरी कमाएर जुनसुकै समयमा पनि भेटी चढाउन ल्याउँछन्, तिनीहरूलाई दया गरी रक्षा गर्नुहोस् ।) ले मनुष्यहरू प्रतिको करुणा, एकले अर्को प्रति निभाउनु पर्ने कर्तव्यलाई उजागर गर्न खोजिएको छ (त्रिपिटक विशोधन विन्यास, सुत्तपिटक, पृ. २३) । समय सधैं आफ्नो पक्षमा मात्र हुँदैन, कहिलेकाहीं विपक्षमा पनि हुन्छ, त्यसैले अरूको उपकार गर्नेलाई अप्ठ्यारो परेको समयमा, दु:ख भएको बेलामा मैत्रीपूर्वक, कुनै प्रकारको लाभको आश नगरी रक्षा गर्नुपर्छ, सहयोग गर्नुपर्छ भन्दै सम्पूर्ण लोकका प्राणीहरूबीच एक अर्कामा सामाजिक सद्भाव दर्शाउन खोजिएको छ । यसरी रत्नसूत्रमा मूलत: त्रिरत्नको गुण वर्णन गरिएको छ । तर निदानमा भिक्षु आनन्दले रत्नसूत्र पाठ गर्दै जल छर्कँदै नगर भित्र पस्दा भूत, प्रेतहरू हट्दै गएको भन्ने उल्लेखले मानवको मनोवैज्ञानिक पक्षलाई पनि केहि हदसम्म दर्शाउन खोजिएको देखिन्छ ।

त्यसरी नै प्रत्येक गाथाको अन्तमा "एतेन सच्चेन सुवत्थि होतु" अर्थात् यस सत्य वचनद्वारा सबै सुखी होउन् । भनि उल्लेख गर्नुले सत्य वचनको शक्तिलाई उजागर गरिएको छ । हामीले बोल्ने शब्दहरू वचन हुन् । यसलाई पालिमा सद्द भनिन्छ । बौद्ध दर्शनमा उल्लेखित छ इन्द्रियहरूमा एक हो । यसलाई

मनले नियन्त्रण गरेको हुन्छ । शब्दले कानसँग स्पर्श गरेपछि मनले अनुभवले गर्छ, त्यसपछि मात्र हामीले प्रतिक्रिया गर्छौं । त्यसैले पनि यसलाई मनसँग सम्बन्धित छ भनिएको हो । प्रतीत्यसमुत्पाद चक्रमा यसलाई षडायतनको रूपमा वर्णन गरिएको छ । तसर्थ शरीर र मनसँग सम्बन्धित क्रियाकलापहरूको विशेष ज्ञान मनोविज्ञान हो ।

उन्नाइसौं शताब्दी अघि मनोविज्ञान दर्शनशास्त्रको अङ्ग थियो । जर्मनका विद्वान विल्हेम वुण्टले सन् १८७९ मा यसलाई व्यवस्थित तरिकाले अलग्याएपछि मनोविज्ञानको क्षेत्र अलग भई नयाँ परिभाषाको प्रादुर्भाव भएको देखिन्छ । पश्चिमा दार्शनिक प्लेटोले मनोविज्ञानलाई मन र शरीरको कार्यका रूपमा उल्लेख गर्दै दुवैको अलग र स्वतन्त्र अस्तित्व रहेको वर्णन गरेका छन् । अरस्तुले वातावरणको प्रभावले हृदयमा उत्पन्न हुने विचारहरूको परिणामलाई मनोविज्ञान मानेका छन् । अर्का विद्वान डेकार्टले मन र शरीरबीचको पारस्परिक प्रभाव मस्तिष्कको खास विन्दु पायनियल ग्रन्थिमा परेपछि त्यसबाट हुने अनुभव भनेका छन् । बुद्धले मनको कार्य मानेका छन् । बुद्धले मन शरीरभन्दा धेरै गुणा अगाडि हिंड्ने कुरा बताउँदै मनलाई मुख्य मानेका छन् । बुद्धले धम्मपदको यमक वर्गको शुरुमा "मनोपुब्बङ्गमा धम्मा, मनोसेद्धा मनोमया । मनसा चे पदुद्धेन, भासति वा करोति वा । ......." (अर्थात् मनको अघि बढ्ने स्वभाव धर्म छ, मन नै प्रधान छ, सबै धर्म मनोमय छ । ......) उल्लेख गरिएबाट मनको स्वभाव प्रष्ट हुन्छ । मनमा उत्पन्न हुने विचारले मानिसको कार्यशैली निर्धारण गर्दछ (धर्मगुप्त, वि.सं. २०४४, पृ. १-१४) ।

यस तथ्यलाई अझ स्पष्ट हुने गरी अमेरिकन सर्जन म्याक्सवेल माल्ट्जले साइको साइबरनेटिक्स नामक पुस्तकमा सफलताको लागि सकारात्मक सोचको विकास गर्नुपर्ने कुरालाई प्रयोगद्वारा प्रमाणित गरेका छन् । सकारात्मक स्वप्रेरणाले सफल र नकारात्मक स्वप्रेरणाले असफलता प्राप्त गरेका उदाहरणहरू प्रस्तुत गरेका छन् । त्यति मात्र नभई रोगीहरू रोगबाट मुक्त भएका उदाहरणहरू पनि दिएका छन् । यी उदाहरणहरूले मनलाई मुख्य मानेको छ । मानिसको स्वभाव, व्यवहार मनको स्वभावमा भर पर्ने कुरालाई यसले प्रमाणित गरेको देखिन्छ । यसलाई अझ प्रष्ट पार्दै लोगो थेरापिष्ट भिक्टर ई. फ्रैंकलले आफ्नो पुस्तक मेन्स सर्च फर मिनिङ्ग (जीवनको यथार्थ खोजमा मनुष्य) मा सकारात्मक स्वआत्म सुझावले नाजी तानाशाहीहरूबाट आफू कसरी बाँचेर जेल जीवनबाट मुक्त हुन सकें भनि वर्णन गरिएबाट सकारात्मक सोचको शक्तिलाई आँकलन गर्न सकिन्छ ।

## निष्कर्ष

पूर्वीय दर्शन होस् वा पश्चिमा दर्शन, सबैले आफ्नो मनको निरीक्षणमा महत्त्व दिएको देखिन्छ । बुद्धको समयदेखि वर्तमान समयसम्म पनि मानिसहरू दुःखबाट मुक्तिको खोजीमा लागिरहेकै छन् र यो पछिसम्म पनि निरन्तर चलि नै रहने छ । बुद्धको मूल शिक्षा चार आर्य सत्य हो । जसलाई छोटकरीमा अनित्य, दुःख र अनात्मको संज्ञा दिइएको छ । सम्पूर्ण वस्तु परिवर्तनशील छन्, स्थायी छैनन्, सबै एक न एक दिन नष्ट हुन्छ । आफूलाई मन परेको वस्तु नष्ट भएपछि दुःख लाग्छ । त्यसैले परिवर्तनशील, दुःख लाग्दो वस्तु मात्र नभई यो शरीर पनि एक दिन अवश्य यो पृथ्वीमा विलय हुन्छ । त्यसैले यो शरीर आत्म अर्थात् स्वयं होइन, परिवर्तनशील छ भनि मनन गरी राग, द्वेष र मोहबाट अलग हुने अभ्यास निरन्तर

गरिरहनु पर्छ भन्ने बुद्धको मूल शिक्षा हो । आफूले आफैंलाई नियाल्दै मुक्तिको मार्ग प्राप्त गर्न सफल भएको हुनाले बुद्धले "अत्त दीप भव" अर्थात् आफ्नो दीप आफैं बन भन्ने सन्देश दिएका छन् । साथै यथार्थ अनुभवको निरन्तर अभ्यासले दु:ख, कष्ट दूर हुँदै जाने र सम्पूर्ण भय, त्रासबाट मुक्त हुने शिक्षा बुद्धले दिएका छन् । तसर्थ एकचित्त, एक मनले रत्नसूत्रको पाठ गर्दा भय, त्रास र दुर्भिक्षबाट मुक्त हुन सकिने कुरा प्रष्ट छ ।

**सन्दर्भ ग्रन्थ सूची**


अमृतानन्द, भिक्षु (वि.सं. २०७५), *नेपाली बुद्धकालीन विश्वकोश ७,* वीरपूर्ण पुस्तक संग्रहालय ।

अमृतानन्द, भिक्षु (वि.सं. २०७५), *नेपाली बुद्धकालीन विश्वकोश १३,* वीरपूर्ण पुस्तक संग्रहालय ।

अमृतानन्द, भिक्षु (वि.सं. २०७५), *नेपाली बुद्धकालीन विश्वकोश २६,* वीरपूर्ण पुस्तक संग्रहालय ।

खतिवडा, सोमप्रसाद (वि.सं. २०७९), *बौद्ध संस्कृति कोश,* पैरवी बुक हाउस प्रा.लि. ।

चतुरसेन (१९४९), *वैशाली की नगरवधू,* राजपाल एण्ड सन्स ।

फ्रांकल, भिक्टर ई.(२०१६), *मेन्स सर्च फर मिनिङ्,* वव पब्लिसिङ्ग प्रा.लि. ।

धर्मगुप्त भिक्षु, मगर लक्ष्मण (सं) (वि.सं. २०८०), *पालि नेपाल शब्दकोश,* धर्मराज लामा, लालमाया लामा सपरिवार ।

महास्थविर, भिक्षु बुद्धघोष (अनु.) (वि.सं. २०४९), *परित्राण (अर्थ व निदान सहित),* जगतमाया उपासिका ।

महास्थविर, भिक्षु ज्ञानपूर्णिक (अनु.) (वि.सं. २०५०), *न्हूगु परित्राण निश्रय,* शान्ति सुखावास ।

महास्थविर, भिक्षु धर्मगुप्त (अनु.) (वि.सं. २०७४), *धम्मपद-अट्ठकथा,* भिक्षु धर्मगुप्त महास्थविर ।

महास्थविर, भिक्षु विपस्सी (सं) (वि.सं. २०७४), *नयाँ परित्राण निश्रण भाग-१,* मुनि विहार व्यवस्थापन समिति ।

... ... ... *नयाँ परित्राण निश्रण भाग-२* । मुनि विहार व्यवस्थापन समिति, भक्तपुर ।

मानन्धर, मदनरत्न (अनु.) (वि.सं. २०७४), *पूजा, परित्राण व चारिका,* उद्योगरत्न तुलाधर ।

बज्राचार्य, दुण्डबहादुर (अनु.) (वि.सं. २०५६), *दीघनिकाय,* वीरपूर्ण पुस्तक संग्रहालय ।

वीर्यवती, भिक्षुणी (सं.) (वि.सं. २०७६), *त्रिरत्न वन्दना, परित्राण पाठ र सूत्र समूह,* धर्मीकीर्ति प्रकाशन ।

शर्मा, विवेक (अनु.), *साइको साइबरनेटिक्स,* पाइथागोरस बुक स्टोर ।

Nāṇadassana, Bhikkhu (2011). *The Three Superb Jewels and Their Intrinsic Power*. Sridevi Printers (Pvt.) Ltd.

इन्टरनेट

https://www.tipitaka.org/cst4